# अनुसूची– २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

रतुवामाई नगरपालिका

# रतुवामाई राजपत्र

खण्डः ७ संख्याः ६ मितिः २०८०/११/२

## भाग-२

## रतुवामाई नगरपालिका

**प्रस्तावनाः**

कृषि क्षेत्रको समग्र विकासका लागि खाद्यान्न उत्पादन, कृषि उत्पादन व्यवस्थापन, कृषि सहकारी, कृषि सडक, सिंचाइ, कृषि प्रसार कार्यको व्यवस्थापन, संचालन र नियन्त्रण गर्ने जस्ता जिम्मेवारी स्थानीय तहमा

रहेको रतुवामाई नगरपालिकामा संविधान र स्थानीय सरकार संचालन ऐन द्वारा व्यवस्था भएको,संविधान र कानून प्रदत अधिकार र जिम्मेवारीलाई स्थानीय वस्ति र टोलस्तरमा रहेका कृषक, कृषक समूह एवं संस्था लगायतका सरोकारवालाहरुसंगको समन्वय, सहभागिता र संलग्नतामा कृषि कार्यक्रम संचालन तथा व्यवस्थापनका लागि स्थानीय नीति, ऐन, कानून, योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनका साथै मापदण्ड र गुणस्तर निर्धारणको जिम्मेवारी र त्यसको अनुगमन, नियमन र नियन्त्रणको प्रणालीगत विकासलाई संस्थागत गर्न, कृषि विकास गतिविधिलाई लैङगिक, वातावरणमैत्री एवं जलवायू परिवर्तन अनुकूल, समानुपातिक र समावेशी वनाइ योजना प्रणालीमा मूलप्रवाहिकरण गर्न, नगरपालिका क्षेत्रभित्र रहेका कृषक, विशेष गरेर सीमान्तकृत र विपन्न कृषकका आवस्यकता र प्राथमिकतालाई सहभागितात्मक योजना तर्जुमा प्रकृया अवलम्बन गरी एकिकृत र समन्वयात्मक रुपमा सम्बोधन, संचालन र व्यवस्थापन गर्न, नगरपालिकामा कृषि कार्यक्रमलाई संस्थागत रुपमा विकास गर्न, कृषक वा कृषक समूहको उपलब्ध सेवा र सुविधामा सहज पहुँच बढाउन सम्बद्ध कृषकलाइ ज्ञान, सूचना तथा प्रविधिको प्रचार र प्रसारका माध्यमबाट सम्बद्ध सरोकारवाला सबैको साथै कृषकको क्षमता विकास गर्न एवं समग्र उत्पादन र उत्पादकत्व बृद्धि गर्न, नागरिकलाई गुणस्तरिय सेवा प्रदान गर्न, कृषक र उपभोक्तालाई कृषि सामग्रीको उचित मुल्य प्राप्तिका लागि सहजिकरण, नियमन र नियन्त्रण गर्न, कृषि क्षेत्रमा सरकारी, निजी, सहकारी र वित्तीय संस्थाहरुबाट लगानी परिचालन गरी व्यवसायिकरण र बजारीकरणका माध्यमबाट रोजगारी र आयमा बृद्धि गर्न, खाध्य सुरक्षा र संप्रभुताको अधिकार कायम गर्न गराउने कार्यमा योगदान

एवं सहयोग पुरयाउने कार्यलाई ब्यवस्थित गर्न समेत आवस्यक देखिएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १५ को दफा १०२ को उपदफा २ को अधिनमा रहि यो **मिनि कोल्ड स्टोर संचालन तथा व्यावस्थापन कार्यविधि २०८०** वनाई रतुवामाई नगरपालिकाले जारी गरेको छ।

## परिच्छेद १

### १. संक्षिप्त नाम र प्रारम्भः

क. यस कार्यविधिको नाम "रतुवामाई नगरपालिकाको मिनी कोल्ड स्टोर संचालन तथा व्यवस्थापन कार्यविधी, २०८०" रहेको छ ।

ख. यो कार्यविधि नगरपालिकाबाट स्वीकृत भई रतुवामाई नगरपालिकाको राजपत्रमा भएपछी लागु हुनेछ ।

### २. परिभाषाः

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) “प्रमुख” भन्नाले रतुवामाई नगरपालिका को नगर प्रमुख सम्झनु पर्छ।

ख) “उप-प्रमुख” भन्नाले रतुवामाई नगरपालिकाको उप-प्रमुख सम्झनु पर्छ ।

ग) “प्रमुख प्रशासकीय अधिकृत”भन्नाले रतुवामाई नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

घ) “ कानून” भन्नाले संघीय कानून, प्रदेश कानून र स्थानीय कानून सम्झनु पर्छ ।

ङ) “नगर कार्यपालिका” भन्नाले रतुवामाई नगर कार्यपालिका सम्झनु पर्छ

च) “कार्य विधि” भन्नाले “रतुवामाई नगरपालिका मिनी कोल्डस्टोर संचालन तथा व्यवस्थापन कार्यविधी, २०८०” लाई सम्झनु पर्दछ ।

छ) रतुवामाई नगरपालिका स्थापित मिनि कोल्डस्टोरमा रतुवामाई नगरपालिका भरिका कृषकहरुले उत्पादनन गरेका फलफूल,तरकारी र आलु जस्ता उत्पादित कृषिजन्य बस्तुहरुको भण्डारण र बिक्री बितरणको व्यवस्थापन समेत पर्दछन् ।

ज) "कृषक" भन्नाले कृषि वा कृषि क्षेत्रमा संग्लग्न कृषक, उधमी र ब्यबसायी भन्ने बुझाउँदछ ।

झ) "नगरपालिका" भन्नाले रतुवामाई नगरपालिका सम्झनु पर्छ

ञ) "नगरसभा" भन्नाले रतुवामाई नगरपालिकाको नगरसभा सम्झनु पर्छ ।

ट) "पदाधिकारी" भन्नाले रतुवामाई नगर कार्यपालिकाको प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा कार्यपालिकाका सदस्य तथा वडा सदस्य समेतलाई सम्झनु पर्छ ।

ठ) "प्रदेश" भन्नाले संघीय इकाइमा विभाजन गरिएको नेपालको संघीय इकाइको कोशी प्रदेश सम्झनु पर्दछ ।

ड) "बिषयगत शाखा" भन्नाले रतुवामाई नगरपालिकामा कृषि तथा पशुपंक्षी क्षेत्रको विकासकालागि स्थापना भएका शाखा, इकाई तथा सेवा केन्द्रलाई जनाउँदछ । यसले अन्य विषयगत क्षेत्रको विकासका लागि रतुवामाई नगरपालिकामा स्थापना भएका शाखा वा इकाई समेत जनाउँदछ।

ढ) "मन्त्रालय" भन्नाले कृषि तथा पशुपंक्षी विषय हेर्ने नेपाल सरकारको संघीय मंत्रालय सम्झनु पर्छ ।यस शब्दले कृषि तथा पशुपंक्षी बिषय हेर्ने प्रादेशिक मंत्रालयलाई समेत जनाउँदछ ।

ण) "योजना" भन्नाले आयोजना, परियोजना तथा कार्यक्रम समेतलाई जनाउँदछ ।

त) "वडा" भन्नाले रतुवामाई नगरपालिकाको वडालाई सम्झनु पर्छ ।

थ) "वडाअध्यक्ष" भन्नाले रतुवामाई नगरपालिकाका वडाका अध्यक्ष सम्झनु पर्छ ।

द) "वडा समिति" भन्नाले संविधानको धारा २२२ को उपधारा (४) धारा २२३को उपधारा(४) बमोजिमको रतुवामाई नगरपालिकाको वडा समिति सम्झनु पर्छ ।

ध) "सदस्य" भन्नाले,

(१) नगरपालिकाको सम्बन्धमा रतुवामाई नगरसभा वा नगरकार्यपालिकाको सदस्य सम्झनुपर्छ र सो शव्दले नगरसभा वा नगरकार्यपालिकाको प्रमुख, उपप्रमुख, वडा अध्यक्ष वा वडा समितिको सदस्यलाई समेत जनाउँछ ।

(२) कृषि तथा पशुपंक्षी समितिको सम्बन्धमा रतुवामाई नगरपालिकामा कृषि तथा पशुपंक्षी कार्यक्रम संचालन र व्यवस्थापन गर्न नगरपालिकामा गठन भएको कृषि तथा पशुपंक्षी विकास समिति (आर्थिक विकास समिती) तथा उप समितिका संयोजक, उप संयोजक तथा सदस्य समेतलाई जनाउँछ ।

न) "समिति" भन्नाले यस कार्यविधिमा व्यवस्था भए अनुसार रतुवामाई नगरपालिकामा गठन भएको (आर्थिक विकास समिती) कृषि तथा पशुपंक्षी विकास समिति तथा उपसमितिलाई जनाउँदछ ।

ऩ) "संविधान" भन्नाले नेपालको संविधानलाइ सम्झनु पर्दछ ।

प) "संघ" भन्नाले संघीय संरचनाको सबै भन्दा माथिल्लो इकाइको रुपमा रहने संघीय तह सम्झनु पर्दछ।

फ) "स्थानीय तह" भन्नाले रतुवामाई नगरपालिकालाई सम्झनु पर्दछ ।

## परिच्छेद २

### ३.कोल्डस्टोर संचालन र व्यवस्थापनका लागि संस्थागत संरचनाः

क) मिनी कोल्ड स्टोर संचालन गर्दा नगरपालिकाले सुचना प्रकाशन गरी इच्छुक कृषि सहकारी/कृषक समुह/निजी फार्म/संघ संस्था/ वडा कार्यालयहरुको आवेदन माग गरी आवेदन उपर सो सहकारीको प्रस्तावना, व्यावस्थापन र आर्थिक सवलता साथै प्रगतीको आधारमा छनोट गरी संचालन खर्च तथा व्यवस्थापन खर्च कटाई मुनाफा बँडफाड गरी राजस्वमा जम्मा गर्ने अथवा सार्वजनिक खरिद ऐन,२०६३ अनुसार गर्न सक्नेछ।

ख) रतुवामाई नगरपालिकाले आफ्नो क्षेत्रको आवश्यकता र प्राथमिकता अनुसार आफ्नो क्षेत्र भित्र कृषि जन्य उत्पादनको क्षेत्रको विस्तार गर्दै समग्र विकास गर्दै बजारीकरण तथा भण्डारण गर्न भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं.१ विराटनगरको ७५ प्रतिशत र रतुवामाई नगरपालिकाको २५ प्रतिशत साझेदारीमा निर्माण भएको ७० मेट्रिक टन क्षमताको मिनि कोल्डस्टोर संचालन गर्न गराउनमा सहयोग पुर्याउन **मिनी कोल्डस्टोर संचालन र व्यवस्थापनका संवन्वय समिती गठन** गरी संचालन हुनेछ |

ग) मिनी कोल्ड स्टोर संचालन गर्न नगरपालिका तथा वडा कार्यालय ईच्छुक भएमा पहिलो प्राथमिकता नगरपालिका तथा वडा कार्यालय लाई हुनेछ |

घ) कृषि सहकारीलाई उपलब्ध गराउदा संचालन खर्च कटाई मुनाफाको ६० प्रतिशत र ४० प्रतिशत गरी बाँडफाँड गर्नुपर्ने छ ।

ङ) शुल्क निर्धारण  कोल्ड स्टोर संवन्वय समिती र नगरपालिकाको राजस्व परामर्श समितीले तय गरी शुल्क निर्धारणका लागी नगरसभा लाई सिफारिस गर्ने छ  समयानुकुल बानाउन सक्ने छ भने हालको अवस्थामा आलु भण्डारण गर्न प्रति महिनाको रु.१.५० रुपैया लाग्ने छ र फलफूल तथा  तरकारीको हकमा प्रति के.जि. रु.२.५० रुपैया शुल्क प्रति महिना लाग्ने छ न्युनतम अवधि एक महिनाको रहने छ एक पटक राखी फेरि सोही समान राख्ने हो भने पुनः नयाँ शुल्क लाग्नेछ राखेको मितिले महिनाको अन्तिम दिनको रातको १२ बजे सम्म एक महिना कायम रहनेछ सो भन्दा बढी समय गुज्रेमा अर्को महिनाको थप शुल्क लाग्ने भने महिना दिन नपुगी निकालेमा पनि महिना दिनकै पूर्ण शुल्क लाग्ने व्यवस्था छ।सामान राख्दा वा निकाल्दा लाग्ने श्रमीक समान धनी स्वयमले व्यावस्था गर्नु पर्ने छ।तौल गर्दा समान प्याक गरेको बोरा/क्रेट/कार्टुन समेतको शुल्क लाग्ने छ, समान  राख्दा श्रर्वप्रथम विल काउन्टरमा लाग्ने शुल्को बुझाई सकेपछि राख्नु पर्ने छ भने सामान निकाल्दा काउन्टरमा गई विल देखाई बाँकी रकम बुझाई सके पछि मात्र सामान निकाल्न सकिने छ।

च) उक्त समितीमा ७ जाना सदस्य रहने छन वा नगरपालिकाले पारित गरेको संगठन संरचना अनुसार हुने छ ।

**मिनी कोल्डस्टोर संचालन र व्यवस्थापनका समन्वय समितीको गठन**

- **नगरपालिका स्तरीयः**

१. नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत  -संयोजक

२. नगरपालिका अन्तर्गत रहेको उद्योगी, व्यवसायी,एग्रोभेट वित्तीय एवं कृषि सहकारी संस्थाबाट नगरपालिकाद्वारा मनोनित एक जना महिला प्रतिनिधि -सदस्य

३. नगरपालिकाको आर्थिक बिकास समितिका संयोजक -सदस्य

४. कोल्ड स्टोर रहेको वार्डको वडा अध्यक्ष - सदस्य

५. नगरपालिकाको कृषि शाखाका प्रमुख -सदस्य -सचिव

***नोटः बिषय विशेषज्ञ वा कृषि सम्बन्धि ज्ञान र सीप भएका व्यक्तिलाइ आवस्यकतानुसार आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ ।***

## परिच्छेद ३

मिनी कोल्डस्टोर संचालन र व्यवस्थापनका संवन्वय समितीको काम, कर्तव्य, अधिकार, जिम्मेवारी र उत्तरदायित्वः

१.संस्थागत सुदृढिकरण कार्यः

क) मिनी कोल्डस्टोर संचालन तथा परिचालनः

मिनी कोल्डस्टोर संचालनमा संवन्वयात्मक भुमिका निर्भाह गर्ने तथा कृषकहरुको वाली तथा वस्तु सहज र सुलभ मुल्यमा भण्डारण व्यवस्था मिलाउन सुझाव तथा सहजिकरण गर्ने ।

२. कृषि थोक तथा खुद्रा व्यापार प्रबर्द्धनः

क) रतुवामाई नगरपालिकाले कृषि कृषि जन्य उत्पादनको थोक र खुद्रा व्यापार प्रवर्द्धन गर्ने नीति लिइने छ र यसमा प्रदेश तथा संघीय सरकारको प्राविधिक तथा आर्थिक सहयोग समेत जुटाउने व्यवस्था गर्ने।

ख) कृषकले उचित मूल्य पाउने र उपभोक्तालाई पनि बिचौलियाको जथाभावी मूल्यबाट जोगाउने मूल्यनिर्धारण नीति तर्जुमा गरी लागु गर्ने ।

ग) नगरपालिका क्षेत्रमा खाद्यान्न ,फलफूल तथा तरकारी उत्पादन हाट बजार, चिस्यान केन्द्र,कोल्डस्टोर नीर्माण तथा संचालन, राष्ट्रिय, अन्तराष्ट्रिय निकासीको ब्यवस्था समेत गर्न राष्ट्रिय /अन्तरास्ट्रिय बजार संग आबद्ध गराउने व्यवस्था गर्ने ।

घ) सरकारी क्षेत्रबाट मात्र यी कार्य संभव नहुने हुंदा सरकारी निजी र वित्तीय क्षेत्रको समन्वय र साझेदारीमा यस्ता कार्य अगाडि बढाउन नेपाल सरकार र प्रादेशिक सरकारले समेत सहजिकरणका लागी नगरपालिका मार्फत समन्वय स्थापित गर्न आवश्यक व्यवस्था गर्ने ।

**३. कृषि उत्पादन क्षेत्र विकास विस्तार र प्रवर्द्धनात्मक कार्यः**

**क) तरकारी ,दलहन तथा मसाला खेति प्रवर्द्धन र विकासः**

- व्यवसायिक तथा बेमौसमी तरकारी खेति प्रवर्द्धन गर्न हरित गृह, प्लाष्टिक घरको प्रयोगमा व्यापकता दिने र स्थानीय परिस्थिति अनुसारका तरकारी खेति प्रोत्साहन गर्ने, तरकारी खेतिमा नविनतम प्रविधिको जानकारी गराउने, स्थानीय तहमा सीप, प्रविधि, ज्ञान, अनुभवलाई हस्तान्तरण गर्ने; र
- स्थानीय संभाव्यतानुसार दलहन बालि, बगरे तरकारी, कुरिलो, च्याउ, सजीवन (मुन्गा), कन्दमुल र बेमौसमी खेतिको प्रवर्द्धन र विकास गर्ने र बजारीकरण गर्ने भण्डारण गरी मूल्य अभिबृद्धि गर्ने।

**ख) फलफूल खेतिको प्रवर्द्धन र विकासः**

फलफूलको नर्सरी स्थापना, स्थानीय संभाव्यताका आधारमा ड्रागन फुर्ट, आँप, लिची, केरा, कटहर, भुँइ कटहर, कागति, आदि जस्ता फलफूल खेतिलाई व्यावसायिक रुपमा उत्पादन बढाउने र बजारीकरणमा सहयोग पुर्याउने साथै भण्डारण व्यावस्था गरी वेमौसममा निकाली उच्च मुल्यामा बजारमा विक्री वितरण गर्न बजार रणनिती तयार गर्ने।

**ग) खाद्य संरक्षण तथा भण्डारणः**

- रतुवामाई नगरपालिकाको खाद्यान्न उत्पादन तथा आवस्यकताको साथै खाद्यान्न अल्पता परिवारको तथ्यांक संकलन गर्ने र उपलब्धता तथा आपुर्तिको स्थिति अध्यावधिक गर्ने; र
- स्थानीय तहमा खध भण्डारणको सीप हस्तान्तरण, अभिमुखिकरण, स्थानीय उत्पादन खरिदको समर्थन मूल्य निर्धारण, कील्डस्टोर स्थापपना तथा संचालन लगायत खरिद कार्यको व्यवस्थापन गर्ने, न्यून खाद्यान्न समयमै आपुर्तिको व्यवस्था गर्ने गराउने र रतुवामाई नगरपालिकामा खाद्य अल्पताको तथ्यांक अध्यावधिक गरी राख्ने ।

## ४. अन्तर सम्बन्ध र समन्वय

रतुवामाई नगरपालिकामा कृषि कार्यलाई संचालन र व्यवस्थापन गर्दा पारस्परिक सहयोग, समन्वय र सम्बन्धलाई एकिकृतरुपमा संचालन गर्ने गराउने र यसरी कार्य गर्दा सम्बद्ध कार्यालय, संस्था वा व्यक्ति, नगरपालिका प्रति जबावदेही र उत्तरदायी भई देहाय बमोजिमको कार्य गर्न गराउने ब्यवस्था गर्नेः

- संस्थामा कार्यरत प्राविधिक जनशक्तिको अधिकतम उपयोग गर्ने उपाय पहिचान गर्ने र सरोकारवालासंग छलफल गरी आपसी समन्वयमा

बिशेषताका आधारमा प्राविधिक जनशक्तिको परिचालनको रणनीति तय गर्ने;

- नगर कार्यपालिका तथा नगरसभाका प्रशासनिक तथा निर्वाचित पदाधिकारीसंग पनि औपचारिक र अनौपचारिक सम्बन्ध स्थापित गर्न गराउन कोल्ड स्टोवर संचालनबारे बारे अभिमुखिकरणका कार्यक्रम संचालन गर्ने र समय-समयमा अध्यावधिक गर्ने गराउने व्यवस्था मिलाउने;

**प्रदेश /संघिय सरकारसंगको समन्वयः**

- प्रदेश तह/संघिय सरकारको भूमि ब्यवस्था, कृषि तथा सहकारी मंत्रालय वा विभागसंग निकटतम सम्पर्क र समन्वय गर्दा नगर कार्यपालिका वा जिल्ला समन्वय समिति मार्फत गर्ने;
- नगरपालिकामा संघीय तथा प्रादेशिक सरकारबाट प्रतिपादित नीति, नर्म्स वा मापदण्ड लागु गर्न प्राविधिक सहयोगको आवश्यकता देखिएमा कृषि विकास तथा पशुपंक्षी सेवा शाखा मार्फत प्रादेशिक मंत्रालय वा बिभाग संग समन्वय गरी सहयोग माग गर्ने;र
- प्रदेश सरकारसंगको कार्यक्रम र बजेटमा सहकार्य तथा साझेदारी कायम गरी कार्य संचालन गर्न आवस्यक समझदारी कायम गर्नु पर्ने भएमा त्यस्तो समझदारी वा सम्झौताको मस्यौदाको ढाँचा स्वीकृत गरी कृषि तथा पशुपंक्षी शाखालाई कार्यान्वयनको जिम्मेवारी दिने र त्यस्तो कार्य संचालन गर्दा देखिएका बाधा अडकाउ फुकाउन नियमित समीक्षा गर्ने गराउने।

**५) अनुगमन**

१ ) अनुगमन ,मुल्यांकन , जवाफदेहिता र सिकाई ( समिति गठन

संयोजक - उपप्रमुख

सदस्यहरु

क. आर्थिक समितिबाट १ जना

ख. योजना अनुगमन तथा प्रशासकीय अधिकृत

ग. कृषि विकास शाखा प्रमुख

घ. लेखा प्रमुख

ङ. उद्यमी /समूह /सहकारी मध्ये बाट नगर कार्यपालिकाले तोकेको प्रतिनिधि १ जना

**अनुगमन विधिः**

- एकल वा संयुक्त अनुगमनको ब्यवस्थाका लागि अनुगमन कार्यको कार्यतालिका नगरपालिकाको अनुगमन समितिबाट स्वीकृत गराई राख्ने र बजेट समेत छुट्ट्याउने;
- अनुगमनका क्रममा नीति, योजना, कार्यक्रम तथा आयोजनाहरुमा निम्न कुराको विश्लेषण गर्ने
    - श्रोतसाधनको प्राप्ति र प्रयोग स्वीकृत र समयतालिका अनुसार भए नभएको?
    - अपेक्षित प्रतिफल समयमै र लागत प्रभावकारी रुपमा हासिल भए नभएको?
    - कार्यान्वयन क्षमता के कस्तो छ?
    - के कस्ता समस्या र बाधा व्यवधान देखिएका छन र तिनको समाधानका निम्ति के कस्ता उपाय अवलम्बन गर्नु पर्छ?

- सूचना प्रविधिको उपयोगबाट अनुगमन सूचना प्रणाली बर्तमानमा स्थापित गर्दा उपयुक्त हुने हुनाले अनुगमनका लागि उपयुक्त प्रणाली विकास गर्ने;
- नगरपालिकामा अनुगमन र सुपरिवेक्षणकालागी उप प्रमुखको संयोजकत्वमा गठित संस्थागत संयन्त्रको व्यवस्था भएकोले उक्त संयन्त्रसंग समितिले समन्वय गरी अनुगमनको ब्यवस्था गर्ने;
- आर्थिक विकास समितिले पनि आफु अन्तर्गत संचालित कार्यक्रमहरुको समयमै अनुगमन गर्न आर्थिक विकास समितिको संयोजक वा अन्य सदस्यको संयोजकत्वमा सम्बद्ध शाखाका प्रमुख वा निजको प्रतिनिधि, गैरसरकारी संस्थाको प्रतिनिधी, उद्यमी/कृषक समूह/सहकारीको प्रतिनिधि रहेको अनुगमन उप समिति गठन गर्ने र त्यस्को सचिव सम्बन्धित शाखा वा प्रमुखले तोकेको अधिकृत कर्मचारी हुने ब्यवस्था मिलाउने।

## परिच्छेद ६.

**६) पारदर्शिता, जबावदेहिता तथा उत्तरदायित्व, प्रचार, प्रसार, सूचनाको हक र सुशासनका औजारहरुको प्रयोग र गुनासो व्यवस्थापन**

- नगरपालिकाले मिनिकोल्ड स्टोर संचालनको क्रममा गरिने कृयाकलाप, प्रदान गरिने सेवा सुविधालाई पारदर्शि, उत्तरदायी, जबाबदेहि र प्रभावकारी रुपमा कृषकहरुप्रति सम्बेदनशील भइ संचालन गर्ने;
- यसरी संचालन गर्दा कृषकको व्यापक सहभागिताहुने गरी संचालन गर्ने गराउने;

- नगरपालिकाले मिनि कोल्ड स्टोर सम्बन्धि कार्यक्रम संचालन गर्दा सुशासनका मूलभूत मान्यता जस्तै कानूनको शासन, आर्थिक अनुशासन, मानव अधिकारको पूर्ण प्रत्याभुति, विकेन्द्रीकरण तथा भ्रष्टाचारमुक्त प्रशासन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात गर्दै कार्य गर्ने संस्कृति अबलम्बन गर्ने;

**७) खारेजी र वचाउः**

१. स्थानीय तहमा संचालित मिनि कोल्ड स्टोर यसै व्यवस्था बमोजिम संचालन भएको मानिने छ।

आज्ञाले,
नाम : संजय बहादुर राजलवट
प्रमुख प्रशासकीय अधिकृत